# गुराँस गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख

**कर्णाली प्रदेश, नेपाल**

**"गुराँस गाउँपालिकाको सुपरीवेक्षण तथा अनुगमन निर्देशिका, 2076"**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः 2076/12/20

प्रमाणिकरण मितिः 2076/12/21

प्रमाणित गर्नेको दस्तखतः

**"गुराँस गाउँपालिकाको सुपरीवेक्षण तथा अनुगमन निर्देशिका, 2076"**

गुराँस गाउँपालिका वा अन्तर्गतका वडाहरुबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयन पक्षलाई मितव्ययी, प्रभावकारी, पारदर्शी र नतिजामुखी बनाउन तथा तोकिएको समयमै गुणस्तरीय र लागत अनुरुपको प्रगतिको लेखाजोखा गरी निर्धारित लक्ष्यमा देखिएका समस्याहरुको समिक्षा गर्दै समाधान उन्मुख पद्धतिको संस्थागत विकास गर्न स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 102 को उपदफा 2 बमोजिम यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**<u>परिच्छेद 1 प्रारम्भिक</u>**

1.1 संक्षिप्त नाम र प्रारम्भ

क) यो निर्देशिकाको नाम "**गुराँस गाउँपालिकाको सुपरीवेक्षण तथा अनुगमन निर्देशिका, 2076**" रहनेछ ।

ख) यो निर्देशिका गाउँ कार्यपालिकाबाट पारित गरेको मिति देखि लागू हुनेछ ।

1.2 परिभाषा

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) ऐनः भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, 2074 लाई बुझाउनेछ ।

ख) निर्देशिकाः भन्नाले गाउँ पालिकास्तरिय सुपरीवेक्षण तथा अनुगमन निर्देशिका, 2076 लाई जनाउनेछ ।

ग) अनुगमनः भन्नाले स्वीकृत कार्यक्रम, योजाना वा त्यसको कार्यान्वयनको प्रगति, रेखदेख, निरीक्षण, मूल्याङ्कन आदी गर्ने कामलाई बुझाउनेछ ।

घ) सुपरीवेक्षणः भन्नाले स्वीकृत कार्ययोजना, आयोजना वा गतिविधिको उपयुक्त ढंगले रेखदेख, निरीक्षण, प्रर्यवेक्षण, अध्ययन र निर्देशन गर्ने कार्यलाई बुझाउनेछ ।

ङ) मूल्याङ्कनः भन्नाले स्वीकृत कार्ययोजना, आयोजना वा गतिविधि आदिको गुणस्तर, उपयोगिता आदिको मापन तथा विश्लेषण गर्ने कार्यलाई बुझाउनेछ ।

च) कार्यालयः भन्नाले गुराँस गाउँकार्यपालिकाको कार्यालयलाई जनाउनेछ ।

छ) वडाः भन्नाले गुराँस गाउँपालिकाका 8 वटै वडालाई बुझाउनेछ ।

ज) सामुदायिक संस्थाः भन्नाले गाउँपालिका र यस अन्तर्गतका निकायबाट सामाजिक परिचालनको माध्यमबाट गठन भएका सामुदायिक संस्थाहरु बुझाउनेछ ।

झ) योजनाः भन्नाले गाउँपालिकामा सञ्चालन भएका जुनसुकै किसिमका पनि योजनालाई बुझाउनेछ ।

ञ) समितिः भन्नाले निर्देशिकाको परिच्छेद 2 को 2.1 मा उल्लेख गरे अनुसारको समितिलाई बुझाउनेछ ।

ट) उपसमितिः भन्नाले परिच्छेद 2 को 2.2 मा उल्लेख गरे अनुसारको उपसमितिलाई बुझाउनेछ ।

ठ) अनुगमन सूचिः भन्नाले अनुसूचि 1 र 2 मा उल्लेख गरे अनुसारको अनुगमन सूचिलाई जनाउनेछ।

ड) सभाः गुराँस गाउँपालिकाको गाउँ सभालाई बुझाउनेछ ।

ढ) गाउँपालिकाः भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्दछ ।

ण) अन्य समितिः भन्नाले गाउँपालिकाका अन्य विषयगत समितिलाई सम्झनु पर्दछ ।

त) योजना/आयोजनाः भन्नाले गाउँपालिका वा अन्तर्गतका वडाहरुबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित पूर्वाधार, प्रवर्द्बनात्मक र अन्य क्रियाकलापलाई बुझाउछ । यसले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएका व्यवस्थित क्रियाकलापलाई समेत सम्झनु पर्छ ।

1.3 उद्देश्य

गाँउपालिकामा सञ्चालन भएका विभिन्न योजना/आयोजना तथा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तथा जवादेहिता, पारदर्शिता र उत्तरदायित्वलाई सुनिश्चत गरी सुशासनको प्रत्याभूति गर्ने मुख्य उद्देश्य रहेको गुराँस गाउँपालिका अनुगमन तथा सुपरीवेक्षण निर्देशिका 2076 का अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्-

1.3.1 गाउँपालिकाको कार्यालय र गाउँपालिकासँगको लागत साझेदारीमा सञ्चालित योजना तथा कार्यक्रमहरुको आवश्यकता अनुसार संयुक्त अनुगमन गर्ने वा गराउने वा सुपरीवेक्षण तथा अनुगमनको प्रबन्ध मिलाउने ।

1.3.2 विकास आयोजनाहरुको सञ्चालनमा देखिएका बाधा अडचन फुकाई कार्यान्वयनमा प्रभावकारीता ल्याउने र आयोजनाहरु यथा समयमा सम्पन्न गराउन सहयोग पुर्याउने ।

1.3.3 विकास आयोजनाहरुमा देखिने ढिलासुस्ती, लापरवाही, चुहावट हुने जस्ता प्रवृतिलाई समयमै निरुत्साहित गर्ने ।

1.3.4 जुन आर्थिक वर्षको लागि बजेट विनियोजित भएको हो सोही आर्थिक वर्ष भित्र खर्च गर्ने परिपाटीको विकास गरी सुशासनको माध्यमबाट आयोजना सञ्चालनमा मितव्यीता र प्रभावकारीता अपनाई दिगो विकासमा जोड दिने ।

1.3.5 योजना तथा कार्यक्रमहरुमा गरिने लगानी र प्राप्त प्रतिफस सम्बन्धि सूचनाहरुलाई अद्यावधिक, भरपर्दो र पारदर्शी बनाउदै सूचना उन्मुख संस्कृतिको विकास गर्ने ।

1.3.6 आफ्ना काम कारवाहिहरु प्रतिवेदनहरु सुपरिवेक्षन तथा अनुगमन समितिमा पेश गर्ने ।

1.3.7 आयोजनाहरुको सार्वजनिक परीक्षण गर्ने कार्यलाई प्रोत्साहित गर्ने ।

1.3.8 विकाससँग सम्बन्धित सरकारी तथा गैर सरकारी क्षेत्रहरुबाट सञ्चालित कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन प्रक्रियालाई प्रभावकारी ढंगले सञ्चालन गरी विकेन्द्रिकरणको अवधारणालाई संस्थागत गर्दै एकीकृत अनुगमन प्रणालीको विकास गर्ने ।

1.3.9 योजना/आयोजना कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समयमै पहिचान गरी सरोकारवाला पक्षबिच समिक्षा गरी समाधानका उपायहरु पहिल्याउने ।

1.3.10 योजना तथा कार्यक्रमको पूर्व निर्धारित समय, लागत, परिमाण र गुणस्तर अनुसार सम्पन्न परिलक्षित उपलब्धि हासिल गर्न सहयोग गर्ने ।

1.3.11 योजना तथा कार्यक्रम सम्बन्धमा निर्दिष्ट नीति, रणनीति तथा कार्यनीतिको समिक्षा गर्दै नतिजामुखी तथा उपलब्धीमूलक नीति तथा प्राथमिकताहरु निर्धारण गर्दै नेपाल सरकारको दिर्घकालीन सोच, चालु आवधिक योजना, प्रदेश सरकारको आवधिक योजना, गुराँस गाउँपालिकाको विकास सम्बन्धि परिलक्षित सोच तथा ध्यये प्राप्तिमा सहयोग पुर्याउने ।

## परिच्छेद 2

## सुपरिवेक्षण तथा अनुगमन समिति सम्बन्धि व्यवस्था

2.1 सुपरिवेक्षण तथा अनुगमन समिति

गाँउपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरियताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठभूमि दिनका लागि निम्न अनुसारको सुपरिवेक्षण तथा अनुगमन समिति रहेनेछ ।

(क) उपाध्यक्ष - संयोजक

(ख) अध्यक्षले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना तथा अनुगमन उपशाखा - सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

2.2 सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य तथा अधिकार

(क) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

(ख) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने ।

(ग) गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, अन्य सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित योजना वा आयोजना वा कार्यक्रमको समेत अनुगमन गर्ने ।

(घ) समितिबाट अनुगमनका क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको (अनुसूचि 1) प्रतिवेदन पेश गर्ने ।(पूर्वाधारजन्य योजनाको)

(ङ) सुपरिवेक्षण तथा अनुगमन सम्बन्धि अन्य व्यवस्था गाउँ कार्यपालिकाबाट तोके बमोजिम गर्ने गराउने ।

2.3 अनुगमन तथा सुपरिवेक्षण बिधिः

(क) कार्यापालिकामा एकिकृत कार्यन्वयन कार्ययोजना पेश गरेको 15 दिन भित्र सुपरिवेक्षण तथा अनुगमन समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(ख) सुपरिवेक्षण तथा अनुगमन समितिले कामको प्रतिवेदन प्रत्येक 2 महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ ।

(ग) कार्यपालिकाले सुपरिवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन समेतका आधारमा योजना कार्यान्वयनका क्रममा देखिएका त्रुटीहरु सच्चाउन र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ । सुपरिवेक्षण तथा अनुगमन समितिले दिएको निर्देशन पालना गर्ने सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ ।

2.4 वडा स्तरिय अनुगमन समिति

आफ्नो वडा भित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरियताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठभूमि दिनका लागि निम्न अनुसारको सुपरिवेक्षण तथा अनुगमन समिति रहेनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरु | - सदस्य |
| (ग) वडा सचिव | - सदस्य सचिव |

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिनेछ । समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा सुपरिवेक्षण तथा अनुगमन समितिलाई नियमित जानकारी गराउनु पर्नेछ ।

2.5 आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको परिमाण, गुणस्तर सुनिश्चित गर्न लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट कम्तिमा एक जना महिलासहित 3 सदस्यिय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

## **परिच्छेद 3**

## **भत्ता सम्बन्धि व्यवस्था**

3.1 सुपरिवेक्षण तथा अनुगमनका लागि विनियोजित बजेटबाट सो कार्यमा खटिने कर्मचारी तथा सदस्यहरुलाई नियम अनुसार दैनिक तथा भ्रमण भत्ता लगायत अत्यावश्यक जिन्सी तथा स्टेशनरी सामाग्रीहरु अनुगमन गरिने निकायबाट उपलब्ध गराउन सकिने छ ।

3.4 समितिको बैठकमा भाग लिए बापत समितिका पदाधिकारी तथा सदस्यहरु, अन्य प्राविधिक एवं विशेषज्ञ तथा सहयोगी कर्मचारी समेतलाई गाउँपालिकाका अन्य समिति सरह नै नियमानुसारको बैठक भत्ता उपलब्ध गराईनेछ ।

## परिच्छेद 4

## विविध

4.1 गाउँपालिकाबाट सञ्चालित योजना/आयोजनाहरुको आवश्यकताका आधारमा सेवा करारमा परामर्शदाता नियुक्ति गरी अनुगमन गर्न गराउन सकिनेछ ।

4.2 यो निर्देशिकाको केही कुराहरु आंशिक रुपमा वा पूर्णरुपमा संशोधन गर्नु परेमा समितिले संशोधनको मस्यौदा तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने र कार्यपालिकाबाट पास भएमा लागू हुनेछ ।

## अनुसूचि 1

**<u>योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण फाराम</u>**

अनुगमनमा संलग्न व्यक्तिको संख्याः-

अनुगमन गर्ने व्यक्तिको नामः-

अनुगमन गरिएको मितिः-

अनुगमन तथा सुपरिवेक्षणको वडा/स्थानः-

1. योजनाको नामः-

2. सञ्चालन स्थलः-

3. योजना सञ्चालनको उद्देश्यः-

4. योजना/ठेकेदार वा उपभोक्ता समिति मध्ये कुन मार्फत सञ्चालन भएको होः-

4.1 ठेकेदार मार्फत भएः-

4.1.1 ठेकेदारको नामः-

4.1.2 फर्मः-

4.1.3 ठेगानाः-

4.1.4 लागत अनुमानः-

4.1.5 सम्झौता रुः-

4.1.6 सम्झौता मितिः-

4.1.7 योजना शुरु मितिः-

4.1.8 योजना सम्पन्न हुने मितिः-

4.1.9 अनुगमन गर्दा योजना चालु रहेको वा सम्पन्न भएको के छः- ? (प्रगति प्रतिशतमा)

4.1.10 प्राविधिकबाट भएको काममा मूल्याङ्कन रु. (सम्पन्न भएको अवस्था)-

4.1.11 अनुगमन अवधि सम्ममा भएको भुक्तानी किस्ता ..................... र रकम रु..........................

4.2 उपभोक्ता समिति मार्फत भएः-

4.2.1 उपभोक्ता समितिको नामः-

4.2.2 उपभोक्ता समितिको अध्यक्षको नामः-

4.2.3 उपभोक्ता समितिमा जम्मा सदस्य संख्याः-

4.2.4 उपभोक्ता समितिमा महिला सदस्य संख्याः-

4.2.5 उपभोक्ता समितिमा दलित सदस्य संख्याः-

4.2.6 उपभोक्ता समितिमा आदिवासी तथा जनजाती सदस्य संख्याः-

4.3 ठेगानाः-

4.4 लागत अनुमान रु.

4.5 कार्यालयले व्यहोर्नेः-

4.6 जनसहभागिताः-

4.7 अन्य सरोकारवाला भए नाम र बेहोरेको रकम रु.

4.8 सम्झौता मितिः-

4.9 योजना शुरु हुने मितिः-

4.10 योजना सम्पन्न हुने मितिः-

4.11 अनुगमन गर्दा योजना चालु रहेको वा सम्पन्न भएको के छ ? (प्रगति प्रतिशतमा)

5. उपभोक्ता समितिले प्राप्त गरेका किस्ता विवरणः-

| किस्ता क्रम | मिति | किस्ता रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| अन्तिम भुक्तानी माग रु. | | | | | |
| जम्मा रु. | | | | | |

6. योजना अनुगमन सम्मको भौतिक प्रगति (% मा)

| राम्रो | संन्तोषजनक | ठीकै | नराम्रो |
|---|---|---|---|
| | | | |

7. योजना निर्माण कार्यको गुणस्तरः-

प्राविधिक कम्जोरी　　उ.भो.स. को लापरवाही　　सामाग्री　　अन्य

8. गुणस्तर नराम्रो छ भने के कारणले होला ?

.............................................................................................................................................

..................................................................................................................................

9. अनुगमन सुपरिवेक्षण गर्दा देखिएका योजनाका समस्याहरुः-

.............................................................................................................................................

..................................................................................................................................

10. समस्या समाधानका लागि स्थलगत रुपमा गरिएको प्रयासः-

.............................................................................................................................................

..................................................................................................................................

11. समस्या समाधानका लागि उपाय के हुन सक्छ ?

.............................................................................................................................................

..................................................................................................................................

12. अनुगमनको क्रममा आयोजना/योजना सम्बन्धमा सरोकारवाला/उपभोक्ता समिति/ठेकेदारको भनाईः-

.............................................................................................................................................

..................................................................................................................................

13. सुपरिवेक्षण तथा अनुगमन टोलीको सुझाव/रायः-

क)

ख)

ग)

घ)

ङ)

अनुगमन प्रतिवेदन पेश गर्नेः-

नामः-

दस्तखतः-

मितिः-

दर्जाः-